# चन्द्रागिरि नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

फोन नं. ०१-४३१५७६६

प.सं. : ०८०।०८१
च.नं. : २२८ (आ.वि.)

मिति : २०८१/०२/२८

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

विषयः जानकारी सम्बन्धमा।

उपरोक्त विषयमा राष्ट्रिय सहकारी महासंघ लि. नेपाल (NCF) को च.नं. ४७१/०८०/०८१ मिति २०८१/०२/१८ को पत्र सरोकारवाला सबैको जानकारीको लागि यसैं पत्रसाथ प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

२०८१।०२।२८

राजु बहादुर खड्का
आर्थिक विकास शाखा प्रमुख

स.वि.द.नं.: ३१० ०४९ ०५०

NCF NATIONAL COOPERATIVE FEDERATION OF NEPAL LTD.
राष्ट्रिय सहकारी महासंघ लि. नेपाल

च.नं. ४६१।०८०।०८१

श्री अर्बिउ विभाग
२१२८

मिति: २०८१/०२/१८

श्री प्रमुखज्यू,
सम्पूर्ण महानगरपालीका/उपमहानगरपालीका/नगरपालीका

**बिषय: प्रथम सहकारी रोजगार मेलामा सहभागिता सम्वन्धमा ।**

संविधानत तिन खम्वे आर्थिक नीति अनुरुप सार्वजनिक र नीजी क्षेत्रसंगै सहकारी क्षेत्रले स्थानीय स्रोत साधन,पूँजी,प्रविधि र प्रतिभालाई एकत्रित गरी सदस्यहरु विच सामाजिक पूँजी निर्माण,उद्यमशिलता विकास,स्वरोजगारी श्रृजना तथा आर्थिक,सामाजिक तथा साँस्कृतिक विकासका माध्यमवाट गरिवी न्यूनीकरणमा उल्लेख्य भूमिका निर्वाह गर्दै आएको व्यहोरा विदितै छ । यद्यपी केही संघ संस्थाहरु सदस्य केन्द्रित र सुशासनमा सञ्चालन नहुनाले सहकारी अभियानको छवि गिर्दो अवस्थामा छ । यस सन्दर्भमा सहकारी संघ संस्थाहरुले गरेका उदाहरणीय कार्यहरु र स्वरोजगार श्रृजनामा पुर्‍याएको योगदानका साथै सक्षम युवा मानव श्रोतलाई सहकारी क्षेत्रमा आर्कषित गर्ने, सहकारीको विशिष्ट सम्भावनाहरु बारे युवाहरुलाई सचेत गराउदै सहकारीका उत्पादन तथा सेवा व्यावसाय र उद्यमशिलता विकासका क्रियाकलापहरु उजागर गर्ने मूख्य उद्देस्यले यस महासंघद्वारा सहकारी विभाग, राष्ट्रिय सहकारी बैंक एवं सहकारी संघहरु समेतको सहकार्यमा **"मर्यादित सहकारी व्यवसायका लागि युवा संलग्नता"** भन्ने थीमका साथ यहि २०८१ असार ७ देखि ९ गतेसम्म हरिहरभवन,पुल्चोक ललितपुरमा **प्रथम सहकारी रोजगार मेला** आयोजना गर्न लागेको व्यहोरा सहर्ष जानकारी गराउँदछौं ।

यसर्थ,उक्त मेलामा सहकारीका उत्पादन तथा सेवाका अतिरिक्त मानव श्रोत अवस्था,भावी दिनमा आवश्यक पर्ने जनशक्तिको विवरण,भर्ना,पदस्थापन र वृत्ति विकासका योजनाहरु र सफलताका कथा समेटीएका वृत्तचित्र र सूचना सामग्रीहरू प्रस्तुती तथा प्रदर्शनी गर्नका लागि तहाँ पालीका अन्तरगत रहेका सहकारी संस्थाहरुको आधिकाधिक सहभागिता गर्न गराउन आवश्यक पत्राचार वा सूचना जारी गरिदिनु हुन हार्दिक अनुरोध छ ।

मेलाले सहकारीका असल अभ्यासहरु जनमानसमा सञ्चार भई सहकारी छवी सुधारमा उल्लेखनिय योगदान पुर्‍याउने कुरामा विश्वास दिलाउँदै यस महत्वपूर्ण मेलामा यहाँको समन्वय, सहयोग र सहभागिताका हार्दिक अनुरोध गर्दछौं ।

सदा झैं सहयोग र सहकार्यको अपेक्षा सहित सहकारी अभिवादन !

ओमदेवी मल्ल
अध्यक्ष

Pulchok, Lalitpur, Nepal
G.P.O. Box: 11859, Kathmandu
+977-1-5010116, 5010033, 5010089
ncf@wlink.com.np, ncfcoop@gmail.com
www.ncfnepal.com.np